# गोलबजार नगरपालिका
# गोलबजार नगर कार्यपालिकाको कार्यालय
## गोलबजार, सिरहा
२ न प्रदेश नेपाल

☏ ०३३-५४००९९
ईमेल :golbazarmun@gmail.com


मिति : २०७४।१२।२९

प.स.:०७३/७४

च.न.:

## सिलबन्दी बोलपत्र आव्हान गरिएको सुचना

( प्रथम पटक सुचना प्रकाशित मिति : २०७४।१२।२९ गते )

यस कार्यालयको लागि आवश्यक भएको तपसिल अनुसारको कम्प्युटर शिलबन्दी बोलपत्रको माध्यमबाट तोकिएको स्पेशिफिकेसन बमोजिमको खरिद गर्नु पर्ने भएकोले ईच्छुक ईजाजत प्राप्त फर्म,संस्था वा कम्पनीबाट आपुर्तिको लागि १५ दिने शिलबन्दी बोलपत्र आव्हान गरिएको छ ।

**ठेक्का नं. : ०१।२०७४।७५**

| सि.न. | सामानको विवरण | परिमाण | लगत अनुमान रकम (भ्याट बाहेक ) | धरौटी |
|---|---|---|---|---|
| १ | कम्प्युटर सेट ब्रान्डेड | ३० थान | २०५३०९७०० | ५८०००।०० |
| २ | प्रिन्टर | ६ थान | | |

**शर्तहरु :**

- तपसिलमा उल्लेखित फारम दस्तुर रु. १००० ( अक्षरुपी एक हजार मात्र फिर्ता नहुने गरी ) यसकार्यालयको राजश्व शाखामा नगद बुझाई नगदी भौचर साथ कम्पनीले व्यवसाय नविकरण भएको इजाजत पत्र , आयकर तथा मु.अ. कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र आ.ब. २०७३।७४ को कर चुक्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न राखी गोलबजार नगरपालिका , नगर कार्यपालिकाको कार्यालय गोलबजार , सिरहा बाट यो सुचना प्रथम पटक प्रकाशित मितिले १५ औं ( मिति २०७५।०१।१३ गतेका ) दिन सम्म कार्यलय समय भित्र खरिद गर्न सकिनेछ । खरिद भएको शिदबन्दी बोलपत्र सम्बन्धी कागजात यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औं ( मिति २०७५।०१।१४ गतेका ) दिन दिउसोको १२:०० बजे सम्म यसकार्यालयको नाममा सम्बोधन गरी कामको विवरण , शिलबन्दी बोलपत्र दाताको नाम, ठेगाना र फोन नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई शिलबन्दी लाहछाप गरी यसकार्यालयमा दर्ता गराउनु पर्नेछ । उल्लेखित कार्यालयबाट बिक्री भएको बोलपत्र सम्बन्धी कागजातमा भर्नुपर्ने सम्पूर्ण पानाहरु भरी दर्ता गर्नु पर्नेछ ।
- खरिद भएको बोलपत्र सम्बन्धीत कागजात १६ औं दिन दिउसोको १२ बजे सम्ममा रु १०।- को टिकट टाँसी यस कार्यालयमा दर्ता गराई सक्नु पर्ने छ दर्ता भएका बोलपत्रहरु सोहि दिन दिउसोको २ बजे कार्यलयका प्रतिनिधिहरु र बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहवरमा गोलबजार नगरपालिका , नगर कार्यपालिकाको कार्यालय , गोलबजारमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोलने कार्यमा कुनै बाधा पर्ने छैन ।
- बोलपत्र बिक्रि तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्यहरु बिदाको लगतै पछी कार्यलय खुलेको दिन सोहि बमोजिम हुनेछ ।
- नक्कली कागजात पेश गरी वा मिलोमतो गरी बोलपत्रमा भाग लिएको पाइएमा त्यस्ता बोलपत्रदाताको बोलपत्र रद्द गरी कालो सुचिमा समावेश गर्न सम्बन्धीत निकायमा सिफारिस गरिनेछ ।
- रित नपुगी वा म्याद नाघी र कुनै शर्त राखि पेश हुन आएका बोलपत्रहरु मान्य हुनेछैन ।
- बोलपत्र पेश गर्दा आइटम वाइज रकम अंक र अक्षर दुवैमा उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा दर रेट को अक्षरलाई मान्यता दिइनेछ ।
- बोलपत्रमा उल्लेखित कम्प्युटर तथा प्रिन्टरको परिमाण आवश्यकता अनुसार थपघट गर्न सक्ने छ । थपघट भएमा पनि बोलपत्रदाताले कबोल गरेको दररेटमा परिवर्तन गर्न पाउने छैन । २०७५ असाढ मसान्त सम्म उक्त दररेट कायम रहने छ ।
- बोलपत्रदाताले उपलब्ध गराउने कम्प्युटर तथा प्रिन्टर गुणस्तरयुक्त नभएमा फिर्ता गर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । यसरी फिर्ता गर्दा लागने ढूवानी खर्च बोलपत्रदाताले वेहोर्नु पर्ने छ ।
- बोलपत्रदाताले बोलपत्र खरिद गर्दा यस कार्यालयको अधिकार प्राप्त अधिकारीको दस्तखत र कार्यालयको छाप लगाएको दरभाउपत्र फारम मात्र खरिद गर्नु पर्नेछ र सोहि फारमको प्रत्येक पानामा बोलपत्र दाताले फर्म वा कम्पनिको छाप र दस्तखत गरी पेश गर्नुपर्नेछ ।
- बोलपत्र स्वीकृत गर्ने , रद्द गर्ने र आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
- यस सुचनामा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ ( संशोधन सहित ) र प्रचलित नियम बमोजिम हुनेछ ।
- अन्य आवश्यक कुराहरु बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिने छ ।
- यो सुचना तथा टेन्डर सम्बन्धि document गोलबजार नगरपालिका , नगर कार्यपालिकाको कार्यालयको website: golbazarmun.gov.np मा समेत राखिएको छ ।

**प्रमुख प्रशासकीय अधिकृत**